# प्रेस विज्ञप्ती - १७५
# Press Release-175

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर,काठमाडौं

मितिः-२०७३/०७/०५ गते

## अबैध लागु औषध खैरो हेरोईन ६१ ग्राम सहित ५ जना मानिस पक्राउ

काठमाण्डौको विभिन्न स्थानमा अवैध लागु औषध खैरो हेरोईन खरिद बिक्री ओसार पसार भैरहेको छ भन्ने विषेश सूचनाको आधारमा यस ब्यूरो बाट खटिएको विषेश प्रहरी टोलीले मिति २०७३।०७।०१ गते अवैध लागु औषध खैरो हेरोईन ११ ग्राम र मिति २०७३।०७।०४ गते ५० ग्राम गरी जम्मा ६१ ग्राम **अवैध लागु औषध खैरो हेरोईन सहित ५ जना मानिस पक्राउ** गरी थप अनुसन्धान कार्य भई रहेको छ ।

जस्मा बाँके जिल्ला नेपालगंज उ.म.न.पा.वडा नं. २६ वस्ने वर्ष १७ को जीवन मल्ल, ऐ.ऐ. वस्ने वर्ष २६ को अमिन गुरुङ्ग र काठमाण्डौ महानगरपालीका वडा नं. २१ भोटेबहाल टेकु ठेगाना भएका वर्ष २५ को मनिष साही समेत जना ३ लाई लागु औषध खैरो हेरोईन ११ ग्राम सहित मिति २०७३।०७।०१ गते का.जि.का.म.न.पा.१४ कलंकीबाट पक्राउ गरिएको छ ।

त्यसै गरी मिति २०७३।०७।०४ गते १४:०० बजे भारत पूर्वी चम्पारण मोतिहारी जिल्ला आदामपुर थाना नकदेही ग्राम ठेगाना भएका वर्ष १९ को सुदिश कुमार साह र ऐ.ऐ. ठेगाना भएका वर्ष १८ को आर्यन कुमार समेत जना २ (दुई)लाई लागु औषध खैरो हेरोईन ५० ग्राम सहित का.जि.का.म.न.पा.१४ कलंकी बाबा पेट्रोल पम्प अगाडिबाट पक्राउ गरी पक्राउ भएका सबै ५ (पाँच) जनालाई यस ब्यूरोबाट आवश्यक अनुसन्धान कार्य भईरहेको ।

***साथै सुदिश कुमार साह बिगत लामो समय भारतमा मुजफ्फापुरबाट काठमाण्डौ लगायत नेपालका प्रमुख शहरहरुमा लागु औषध खैरो हेरोईन बिक्री-बितरण गर्ने मूख्य कारोबारी हुन ।***

•••

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com